स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय निश्चल बस्नेत निकै रोमान्टिक मुडमा छन्। देश, काल, परिस्थितिबारे चिन्तन गर्ने उनी अहिले परिवारकेन्द्रित भएका छन्। र, खासगरी दाम्पत्य सुखबारे स्टाटस लेखिरहेका छन्। उनको पछिल्लो स्टाटस हेर्दै जानुभयो भने उनी नितान्त दाम्पत्य सुखमा फर्किएको पाउनुहुनेछ। उनी दाम्पत्य प्रेममा चुलुम्मै डुबेका छन्। केही दिनअघि मात्र उनले लेखेका थिए, "धन्न बुढी छे र त यसरी मिलाएर फोटो खिचिदिन्छे।"

**आजको विचार...**



सन्तानको... (दुई पेजमा)

पुष्पराज भट्टराई

अभिनेता जितु नेपाल अभिनीत बहुप्रतीक्षित चलचित्र "पाँच पाण्डव"को पहिलो ट्रेलर सार्वजनिक भएको छ। आगामी कात्तिक २० गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्रको निर्माण पक्षले बिहीबार ट्रेलर सार्वजनिक गर्दै कथावस्तुको केही झलक प्रस्तुत गरेको हो। चलचित्रमा अभिनेता जितु नेपाल महाभारतका पात्र भीमको भूमिकामा देखिएका छन्। यसअघि हास्य अभिनयमार्फत दर्शकमाझ लोकप्रिय बनेका नेपाल यसपटक फरक चरित्रमा प्रस्तुत भएका हुन्।



❑ वर्ष ३२ ❑ अंक ९२ ❑ २०८३ असोज ३१ गते शनिबार 17 October 2026, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु



रासस

**काठमाडौं,** असोज ३०/अस्ट्रेलियाको न्यू साउथ वेल्स राज्यमा शुक्रबार दिउँसो हल्का विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । राज्य प्रहरीका अनुसार सिड्नीबाट करिब २०० किलोमिटर उत्तरपश्चिममा पर्ने स्कोन सहरको सानो विमानस्थल नजिकै दुर्घटना भएको हो । स्थानीय समयअनुसार शुक्रबार दिउँसो १:५५ बजे विमान दुर्घटना भएको सूचना पाएपछि आपतकालीन सेवाका अधिकारीहरू घटनास्थल पुगेका थिए । अधिकारीहरूले घटनास्थलमा हल्का विमान दुर्घटनाग्रस्त अवस्थामा फेला पारेका थिए । विमानमा सवार दुई पुरुषको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकको पहिचान भने खुल्न सकेको छैन । प्रहरीले घटनास्थललाई अपराध अनुसन्धान क्षेत्रका रूपमा सुरक्षित राख्दै दुर्घटनाबारे अस्ट्रेलियन यातायात सुरक्षा ब्युरो र मनोरञ्जनात्मक उड्डयन अस्ट्रेलियालाई जानकारी गराएको छ । अस्ट्रेलियन यातायात सुरक्षा ब्युरोले दुर्घटनाबारे आवश्यक जानकारी सङ्कलन गरिरहेको जनाएको छ । खत्रीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान अघि बढाएको छ ।

# आज फूलपाती भित्र्याइँदै, दसैँको रौनक बढ्दै

हाम्रा संवाददाता

**पाल्पा,** असोज ३०/ नेपालीहरूको महान् चाड बडादसैँअन्तर्गत आज घर-घर तथा शक्तिपीठहरूमा विधिपूर्वक फूलपाती भित्र्याइँदै छ । दसैँको सातौँ दिन फूलपाती भित्र्याउने परम्पराअनुसार दुर्गा भवानीको पूजा-आराधना गर्दै शुभ साइतमा फूलपाती भित्र्याउने गरिन्छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको फूलपातीमा बेलपत्र, केरा, दारिम, धान, उखु, अदुवालगायतका वनस्पति र पवित्र सामग्री भित्र्याउने चलन छ । फूलपाती भित्र्याएसँगै दसैँको उत्साह र उमङ्ग थप बढ्ने गर्दछ ।

यस दिन विभिन्न शक्तिपीठ तथा मन्दिरहरूमा भक्तजनको चहलपहल बढ्ने गर्दछ । फूलपातीलाई दसैँको महत्वपूर्ण दिनका रूपमा लिइन्छ । यससँगै दसैँको मुख्य उत्सव नजिकिँदै जाँदा बजार, गाउँघर तथा सहरमा चाडपर्वको रौनक थप बढ्दै गएको छ । नवपत्रिकाको नामले समेत चिनिने फूलपाती नौ देवीको प्रतिकका रुपमा भित्र्याइ शास्त्रीय विधि अनुसार शक्तिको आराधनाका साथ पूजा गर्ने वैदिक विधि रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । यस वर्षको फूलपातीको दिन तुलजा भवानी यात्राको साइत बिहान ७: ३७ बजे रहेको छ । तुलजा भवानीलाई बिहान १०:३९ बजे स्थिरासन गराइन्छ । आश्विन शुक्ल प्रतिपदाका दिनमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखेपछि सुरु हुने नेपालीको महान् चाड दसैँ अर्थात् दुर्गापूजाको सामाजिक चहलपहल भने आजैका दिनदेखि बढ्ने गर्छ । घटस्थापनाका दिन जमरा राखिएको पूजाकोठामा आज कालरात्रिको विशेष पूजा गरिन्छ । आजैका दिनदेखि सरकारी कार्यालय पनि विदा हुने भएकाले विभिन्न पेसा र व्यवसायमा संलग्न मानिस स-परिवार बसेर दुर्गा भवानीको प्रसादका रुपमा टिका थाप्न आृनो पुर्ख्यौली थलो फर्कने क्रम अझ तीव्र हुनेगर्छ । नेपालका ग्रामीण भेगमा आजैका दिनदेखि दोबाटो, चौतारो र चौबाटामा हालिने लिङ्गे पिङ र रोटे पिङले दसैँको रौनकतालाई अझ बढाउने गर्छ ।




**बडादसैँको साइत विहान १०:२६ बजे**

विजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि बिहान १०:२६ बजेको साइत शुभ रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । टीका लगाउने मानिस पश्चिम फर्कनुपर्ने समितिले जनाएको छ ।

# भूपू सैनिक संघ पाल्पाको शुभकामना आदान प्रदान तथा सम्मान कार्यक्रम

**पाल्पा,** असोज ३०/ नेपाली काँग्रेसको भातृ संस्था नेपाल भूतपूर्व सैनिक संघ पाल्पाले विजया दशमीको अवसरमा शुभकामना तथा सम्मान कार्यक्रम गरेको छ । संघले शुक्रबार एक कार्यक्रमको आयोजना गरी दशैंको शुभकामना तथा नेपाली काँग्रेसको १५ महाधिवेशनमा निर्वाचित केन्द्रीय सदस्यहरु र जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

संघले हालै सम्पन्न नेपाली काँग्रेसको १५ औं महाधिवेशनमा केन्द्रीय सदस्यमा निर्वाचित नेपाली काँग्रेस पाल्पाका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ र काँग्रेस नेता सन्दीप रानालाई सम्मान गरेको छ । यस्तै संघले संघमा आवद्ध ९ जना जेष्ठ नागरिकलाई पनि सम्मान गरेको छ । उसले जेष्ठ नागरिकहरु क्याप्टेन अमर बहादुर थापा, क्याप्टेन पूर्ण बहादुर गाहा, क्याप्टेन पिताम्वर गाहा, हवलदार लालबहालुर थापा, हवलदार खिमबहादुर थापा, सुवेदार जुद्धविर थापा, सुवेदार केशर बहादुर खाँण, हवलदार झमान सिंह राना, हवलदार खेम बहादुर खाँण लगायतलाई सम्मान गरेको हो । कार्यक्रममा प्रमुख अतिथि नेपाली काँग्रेसका जिल्ला सभापति तथा केन्द्रीय सदस्य हिमालदत्त श्रेष्ठले समाज र देश निर्माणमा भूतपूर्व सैनिकहरुको योगदान महत्वपूर्ण रहेको बताए । संघका केन्द्रीय सदस्य तथा पाल्पाका सल्लाहकार विष्णु गाहाले भूपूको मनोवल बढाउने काममा पार्टीले ध्यान दिनुपर्ने बताए । कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेश सदस्य रामबहादुर कार्की, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, भुपु सैनिक संघका पूर्व केन्द्रीय सदस्य क्याप्टेन अमर बहादुर थापा लगायतले आ-आफ्ना धारणा राखेका थिए । संघका अध्यक्ष कमल विक्रम खाँणको अध्यक्षता, उपाध्यक्ष क्याप्टेन देवबहादुर थापा मश्राङीको स्वागत, सचिव हिरा सिं रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।



हार्दिक बधाई तथा शुभकामना



मेरा अनन्य मित्र, राजनीतिक, सामाजिक व्यक्तित्व, नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ र युवा नेता, पाल्पा क्षेत्र न. १ का प्रतिनिधि सभा सदस्य सन्दिप राना ज्यू नेपाली काँग्रेसको १५ औं महाधिवेशनबाट लोकप्रिय मतका साथ केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । यहाँहरूको यस ऐतिहासिक सफलताले पार्टी संगठनलाई थप सुदृढ, गतिशील र जनमुखी बनाउँदै लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शको संरक्षण एवं संवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु । साथै, यहाँहरूको कुशल नेतृत्व, दूरदर्शिता र जनसेवाप्रतिको प्रतिबद्धताले पार्टी, समाज र राष्ट्रको समुन्नतिमा थप ऊर्जा प्रदान गरोस् भन्ने हार्दिक कामना गर्दछु ।

प्रबिनराज शाक्य
तानसेन, पाल्पा



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बडादशैँको शुभकामना

दशैँ नेपालीहरूको महान् राष्ट्रिय तथा सांस्कृतिक पर्व हो । यो पर्वले नेपाली समाजमा आपसी प्रेम, सद्भाव, एकता, सहिष्णुता र भाइचाराको भावना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । हरेक वर्ष आश्विन महिनामा मनाइने बडादशैँले असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र अधर्ममाथि धर्मको विजय भएको सन्देश दिन्छ । यस पर्वले नेपालीहरूको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनमा विशेष महत्व राख्दछ ।

हरेक वर्षझैँ यस वर्ष पनि दशैँले देशभर खुशी, उमंग र पारिवारिक मेलमिलापको मौकालाई साथमा ल्याएको छ । परदेशमा रहेका नेपाली बिदा मिलाएर स्वदेश फर्किएका छन्, शहरमा व्यस्त जीवन बिताइरहेका लाखौँ नेपालीहरू आफ्ना पुर्ख्यौली थलोमा फर्किने यात्रामा छन् । यो दृश्य आफैँमा नेपाललाई एक धागोले गाँस्ने असल उदाहरण हो । नेपाली मनहरुलाई एक–आपसमा प्रगाढ बनाउने र सस्कृति, परम्परालाई अझै उचो बनाउने चाड हो यो । तर, पछिल्लो समय दशैँ मनाउने क्रममा देखिने अनावश्यक खर्च, तडकभडक, देखासिकी र आर्थिक प्रतिस्पर्धाले यसको मौलिक महत्वमा चुनौती थपेको छ । चाडपर्व मनाउने नाममा ऋण लिएर खर्च गर्ने प्रवृत्ति उचित होइन । त्यस्तै, मदिराको अत्यधिक सेवन, जुवातास, झैझगडा तथा सडक दुर्घटनाजस्ता समस्याले पर्वको खुसीलाई दुःखमा परिणत गर्न सक्छन् । त्यसैले दशैँलाई भड्किलो होइन, सरल, सभ्य, सुरक्षित र मितव्ययी ढङ्गले मनाउन आवश्यक छ । दशैँ केवल रमाइलो गर्ने अवसर मात्र होइन, समाजमा विद्यमान विभेद, असमानता र वैमनस्य हटाउने अवसर पनि हो। यस पर्वले धनी–गरिब, जातजाति, भाषा, धर्म र क्षेत्रका आधारमा हुने विभेदलाई त्याग्दै सबैलाई समान सम्मान गर्न प्रेरित गर्नुपर्छ । आर्थिक अवस्था कमजोर भएका परिवार, ज्येष्ठ नागरिक, असहाय तथा विपन्न व्यक्तिहरूको खुसीमा सहभागी हुनु नै दशैँको वास्तविक सुन्दरता हो । साथै, पशुपक्षीप्रति दया, वातावरण संरक्षण र सामाजिक सद्भाव कायम राख्दै चाडपर्व मनाउनु आजको आवश्यकता हो । दशैँको अवसरमा सबै नेपालीले विगतका तित्तता बिर्सेर आपसी मेलमिलाप, सहयोग र सद्भावको भावना विकास गर्नुपर्छ । परिवारभित्र मात्र नभई छिमेकी, समुदाय र राष्ट्रकै हितका लागि एकताबद्ध हुने संकल्प गर्नुपर्छ । देशमा शान्ति, सुशासन, समृद्धि र सामाजिक न्याय कायम होस् भन्ने कामना गर्दै प्रत्येक नागरिकले आफ्नो कर्तव्यप्रति जिम्मेवार बन्नु आवश्यक छ । यसै अवसरमा हाम्रा सम्पूर्ण पाठकवृन्द, स्वदेश र विदेशमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई विजया दशमी २०८३ सालको हार्दिक शुभकामना अर्पण गर्दछौं । देवी दुर्गाले हामी सबैलाई मुलुक निर्माणको महान् यात्रामा सामूहिक शक्ति, आस्था र आत्मबल प्रदान गरुन् ।

### Opinion @ Social Network

हिसाब कमाईको होइन कर्मको नै, हुन्छ,
मभन्दा ठुलो कोही छैन भनेर घमण्ड नगरेकै राम्रो।
*(राजन कुवँरको फेसबुक स्टाटसबाट www.facebook.com/Rajan.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सन्तानको भविष्यमा समयको लगानी गरौं



## पुष्पराज भट्टराई

आफ्ना सन्तानसँग मन खोलेर कुरा गरेको अन्तिम दिन कहिले थियो ? छोराछोरीका कुरा ध्यान दिएर सुन्ने गर्नुभएको छ ? तपाईंलाई थाहा छ, यतिखेर तपाईंको बच्चाले मनमा के सोचिरहेको छ, के चाहिरहेको छ र भविष्यका बारेमा कस्तो सपना देखिरहेको छ ? बिहानै काममा निस्किने र साँझ थकित भएर घर फर्किने अभिभावकलाई यस्ता प्रश्न सोध्दा जवाफ फरक-फरक आउन सक्छन् । कतिपयलाई लाग्नसक्छ, बालबालिकाको पढाइ र व्यवहार सुधार्ने जिम्मेवारी विद्यालयको हो । तर एउटा प्रश्न विचारणीय छ- बालबालिकालाई पढाउने जिम्मेवारी विद्यालयको भए पनि उनीहरूको भावना, व्यवहार, आत्मविश्वास र जीवनप्रतिको दृष्टिकोण निर्माणमा परिवारको भूमिका कति महत्वपूर्ण छ ? अभिभावक र शिक्षकबीच एकअर्कालाई दोष दिने प्रवृत्तिले बालबालिकाका समस्या समाधान गर्दैन । विद्यालय र परिवार दुवैको भूमिका आवश्यक हुन्छ । बालबालिकाले विद्यालयमा सिक्ने ज्ञानलाई घरको वातावरण, पारिवारिक सम्बन्ध र दैनिक व्यवहारले पनि प्रभाव पार्छ । त्यसैले सन्तानको भविष्य निर्माणलाई विद्यालयको जिम्मेवारीमा मात्र सीमित गर्न मिल्दैन ।

**समय छ तर सँगै बस्ने समय छैन**

आज धेरै परिवारमा भौतिक सुविधा बढेका छन् । बालबालिकाले राम्रो विद्यालयमा पढ्ने, आवश्यक शैक्षिक सामग्री पाउने र डिजिटल प्रविधिको प्रयोग गर्ने अवसर पाएका छन् तर सुविधा बढ्दैमा परिवारबीचको संवाद पनि बढेको छ भन्ने छैन । एउटै घरमा बसेका सदस्यहरू आ‍ृनै मोबाइल र काममा व्यस्त हुँदा आपसी कुराकानीका अवसर घट्न सक्छन् । बालबालिकालाई महँगा उपहार र सुविधाको आवश्यकता हुनसक्छ । तर उनीहरूलाई आ‍ृना कुरा सुनिदिने, समस्या बुझिदिने र कठिन समयमा साथ दिने अभिभावक चाहिन्छन् । परिवारसँग बसेर खाना खानु, दिनभरिका अनुभव सुनाउनु, घटनाबारे कुरा गर्नु र जिज्ञासाको उत्तर पाउनु बालबालिकाका लागि महत्त्वपूर्ण अनुभव हुन् । बालबालिकाले उपदेशबाट मात्र सिक्दैनन् । उनीहरूले अभिभावकको व्यवहार पनि हेर्छन् । घरमा एकअर्काप्रति सम्मान छ कि छैन, विवाद हुँदा कस्तो व्यवहार गरिन्छ ? गल्ती गर्ने व्यक्तिसँग कसरी बोलिन्छ र अरूको दुःखप्रति कस्तो संवेदना देखाइन्छ ? भन्ने जस्ता कुराले उनीहरूको सिकाइमा प्रभाव पार्छ । हार्वर्ड विश्वविद्यालयको सेन्टर अन द डेभलपिङ चाइल्डले बालबालिका र उनीहरूको हेरचाह गर्ने व्यक्तिबीच हुने संवेदनशील तथा दोहोरो संवादलाई बालविकासको महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेको छ । बालबालिकाले कुनै कुरा देखाउँदा वा प्रश्न गर्दा वयस्कले ध्यान दिएर प्रतिक्रिया दिनु यस्तो संवादको उदाहरण हो । यसले भाषा, सामाजिक सीप र भावनात्मक विकासका आधार तयार गर्न सहयोग गर्छ । अभिभावकले दिनभरि सन्तानसँगै बस्नैपर्छ भन्ने होइन । व्यस्तताबीच केही समय छुट्याएर उनीहरूको कुरा ध्यानपूर्वक सुन्नु, अनुभवलाई महत्त्व दिनु र आवश्यक पर्दा सहयोग गर्नु प्रभावकारी अभिभावकत्वको हिस्सा हो ।

**माया, अनुशासन र सन्तानको आ‍ृनै सपना**

हरेक अभिभावक आफ्ना सन्तान स्वस्थ, शिक्षित, जिम्मेवार र सफल बनून् भन्ने चाहन्छन् । उनीहरूले राम्रो जीवन बिताऊन्, समाजमा सम्मानपूर्वक बाँचून् र परिवारप्रति जिम्मेवार बनून् भन्ने अपेक्षा राख्नु स्वाभाविक हो तर सन्तानको भविष्यबारे सोच्दा एउटा प्रश्न सोध्न आवश्यक छ, हामीले उनीहरूको रुचि बुझिरहेका छौं कि आफ्ना अपेक्षा पूरा गराउन खोजिरहेका छौं ? कुनै बच्चा डाक्टर बन्न चाहन्छ, अर्को इन्जिनियर बन्न चाहन्छ वा कसैको रुचि कला, खेलकुद, कृषि, प्रविधि अथवा उद्यममा हुनसक्छ । अभिभावकको अनुभव र सुझाव उपयोगी हुन्छन् तर सन्तानको क्षमता, रुचि र चाहनालाई नबुझी आफ्नो अधुरो सपना उनीहरूमाथि थोपर्नु उचित हुँदैन । सन्तानले अभिभावकको सपना पूरा गर्नैपर्छ भन्ने छैन । कुनै काम किन उचित छैन भन्ने बुझाउनु, गल्तीबाट सिक्ने अवसर दिनु र व्यवहार सुधार्न सहयोग गर्नु अनुशासन हो । बच्चाले असहमति जनाउँदा उसको कुरा सुन्नु कमजोरी होइन । उसलाई आफ्नो विचार व्यक्त गर्ने अवसर दिनु र आवश्यक सीमाबारे स्पष्ट पार्नु स्वस्थ सम्बन्धको आधार हो । अभिभावकले निर्णय गर्नुपर्ने अवस्था आउनसक्छ, तर निर्णयको कारण बुझाउने र बालबालिकाको विचारलाई सम्मान गर्ने अभ्यासले विश्वास बढाउनसक्छ ।

**सामाजिक सञ्जाल, मोबाइल र बालमस्तिष्क**

आजका बालबालिकाको संसार घर र विद्यालयमा मात्र सीमित छैन । मोबाइल, इन्टरनेट, डिजिटल खेल र सामाजिक सञ्जाल उनीहरूको दैनिक जीवनका हिस्सा बनेका छन् । यी माध्यमबाट उनीहरूले नयाँ जानकारी प्राप्त गर्न, सिक्न, सिर्जना गर्न र साथीहरूसँग सम्पर्कमा रहनसक्छन् । तर प्रयोगको तरिका, सामग्री र समयले उनीहरूको दैनिक जीवनमा कस्तो प्रभाव पारिरहेको छ ? अभिभावक सचेत हुनुपर्छ । विश्व स्वास्थ्य संगठनले बालबालिका र किशोरकिशोरीमा लामो समय निष्क्रिय भएर बिताउने व्यवहारलाई सीमित गर्नुपर्ने विषय उठाएको छ । विशेषगरी मनोरञ्जनका लागि अत्यधिक स्क्रिन प्रयोग गर्दा निद्रा, शारीरिक गतिविधि र अन्य दैनिक अभ्यासमा असर पर्न सक्छ । यद्यपि स्क्रिन प्रयोगका सबै प्रभाव समान हुँदैनन् र हरेक समस्याको कारण मोबाइललाई मात्र मान्न मिल्दैन । युनिसेफ इन्नोसेन्टीको सन् २०२५ को ‘चाइल्डहुड इन अ डिजिटल वर्ल्ड’ प्रतिवेदनले बालबालिकाको डिजिटल जीवनमा अवसरसँगै सुरक्षा र मानसिक स्वास्थ्यका चुनौतीलाई ध्यान दिनुपर्ने विषय उठाएको छ । त्यसैले डिजिटल माध्यमलाई पूर्णरूपमा खराब ठान्नु वा कुनै निगरानीबिना प्रयोग गर्न दिनु दुवै उचित दृष्टिकोण होइनन् । अभिभावकले बच्चाले के हेरिरहेको छ ? कति समय स्क्रिनमा बिताइरहेको छ र त्यसले पढाइ, निद्रा, खेलकुद तथा पारिवारिक सम्बन्धमा कस्तो प्रभाव पारेको छ ? भन्ने बुझ्नुपर्छ । अनलाइनमा अपरिचित व्यक्तिसँगको सम्पर्क, अनुपयुक्त सामग्री र व्यक्तिगत जानकारीको सुरक्षाबारे उमेरअनुसार बुझाउन आवश्यक छ ।

**बदलिँदो समयसँगै बदलिनुपर्ने अभिभावकत्व**

आजका बालबालिकाले सूचना र प्रविधिमार्फत् धेरै कुरा जान्ने अवसर पाएका छन् । उनीहरूले विभिन्न विषयमा प्रश्न गर्छन्, आफ्ना धारणा राख्छन् र कतिपय अवस्थामा अभिभावकसँग असहमति पनि जनाउँछन् । यसलाई अभिभावकको अधिकार घटेको रूपमा मात्र बुझ्नु हुँदैन । शिक्षा कति महँगो छ वा विद्यालय कति प्रतिष्ठित छ ? प्रश्नसँगै बच्चाले सिकेको कुरा जीवनमा कसरी प्रयोग गरिरहेको छ ? भन्ने प्रश्न महत्त्वपूर्ण छ । हामीले सन्तानलाई माछा खानमात्र सिकाइरहेका छौं कि माछा मार्ने सीप पनि सिकाइरहेका छौं ? उसलाई तयार उत्तर दिइरहेका छौं कि आफैं सोच्न, प्रश्न गर्न र समस्या समाधान गर्न सिकाइरहेका छौं ? बच्चाले राम्रो काम गर्दा प्रशंसा गर्नु र गल्ती गर्दा व्यक्तिलाई अपमान नगरी व्यवहार सुधार्न सहयोग गर्नु आवश्यक छ । ‘तिमी खराब छौ’ भन्नुभन्दा ‘तिमीले गरेको यो काम ठीक भएन’ भन्नु बढी उपयोगी हुन्छ । घर बच्चाले आफ्ना समस्या निर्धक्क सुनाउनसक्ने सुरक्षित ठाउँ बन्नुपर्छ । समस्या सुनाउँदा गाली हुन्छ वा अपमान सहनुपर्छ भन्ने डर भयो भने उसले आफ्ना कुरा लुकाउनसक्छ । त्यसैले अभिभावकले सन्तानको कुरा सुन्ने, उसको भावनालाई बुझ्ने र आवश्यक पर्दा मार्गदर्शन गर्ने वातावरण बनाउनुपर्छ ।

**बच्चाको सानो मन बुझौं**

हरेक अभिभावक आफ्नो बच्चा खुशी, स्वस्थ र आत्मविश्वासी भएको हेर्न चाहन्छन् तर बच्चा सानो कुरामा रिसाउने, पढ्न मन नगर्ने, साथीहरूसँग घुलमिल हुन नचाहने वा एक्लै बस्ने गर्न थाल्यो भने अभिभावक चिन्तित हुन्छन् । यस्तो बेला बच्चालाई गाली गर्ने वा उसको व्यवहारलाई जिद्दी भनेर पन्छाउनेभन्दा उसको मनमा के चलिरहेको छ भनेर बुझ्ने प्रयास गर्नु आवश्यक हुन्छ । बच्चाले आ‍ृनो कुरा स्पष्टसँग भन्न नसक्दा रिस, रोदन वा मौनतामार्फत भावना देखाउन सक्छ । बच्चाको मन बुझ्न ठूला कुरा गर्नुपर्दैन । दैनिक व्यवहारमा केही परिवर्तन गरे पनि धेरै सहयोग पुग्न सक्छ । बच्चाको कुरा सुनौं । उसले केही भन्न खोज्दा बीचमा नरोकौं । तुरुन्तै सल्लाह दिनुभन्दा पहिले उसको कुरा बुझौं । भावनालाई स्वीकार गरौं । बच्चा दुःखी वा रिसाएको छ ‘यति सानो कुरामा किन रोएको ?’ नभनी ‘तिमीलाई दुःख लागेको रहेछ, मलाई भन’ भनेर कुरा सुरु गरौं । गाली र तुलना नगरौं । अरू बच्चासँग तुलना गर्दा उसको आत्मविश्वास घट्नसक्छ । उसको प्रयास र प्रगतिलाई महत्त्व दिऔं । पढाइमा सहयोग गरौं । बच्चाले गृहकार्य गर्न नमान्दा अल्छी ठानिहाल्नु हुँदैन । पाठ बुझ्न कठिनाइ भएको छ कि, शिक्षकसँग डराएको छ कि वा थाकेको छ कि भनेर बुझौं । सँगै समय बिताऔं । हरेक दिन केही समय मोबाइल र अन्य कामबाट टाढा रहेर बच्चासँग कुरा गरौं, खेलौं वा उसको रुचिको काम गरौं । नियम र माया दुवै दिऔं । घरमा स्पष्ट र उचित नियम बनाऔं । गल्ती गर्दा अपमान वा कडा सजाय दिनुभन्दा गल्ती सुधार्ने तरिका सिकाऔं । भावना व्यक्त गर्न सिकाऔं । रिस उठ्दा केही समय शान्त बस्ने, गहिरो सास लिने वा आफूलाई के कुराले दुःखी बनायो भनेर बताउने अभ्यास गराऔं । बच्चालाई सधैं उपदेश होइन, कहिलेकाहिँ सुन्ने कान र बुझ्ने मन चाहिन्छ ।

**सन्तानको भविष्यमा समयको लगानी**

सन्तानको भविष्यका लागि सम्पत्ति, शिक्षा र आर्थिक सुरक्षा आवश्यक छन् तर यी कुराले मात्र जिम्मेवार, संवेदनशील र आत्मविश्वासी मानिस निर्माण हुन्छ भन्ने छैन । बालबालिकाले परिवारबाट माया, विश्वास, सम्मान र व्यावहारिक जीवनका सीप सिक्नुपर्छ । व्यस्त जीवनमा प्रत्येक अभिभावकले सन्तानलाई समान समय दिन सक्दैनन् । कामको प्रकृति, आर्थिक अवस्था र पारिवारिक जिम्मेवारी फरक हुन्छन् । सन्तानलाई माया गरेबापत उसले भविष्यमा पैसा, सेवा वा आफूले चाहेको जीवनशैली दिनैपर्छ भन्ने अपेक्षा राख्नु उचित हुँदैन । उनीहरूलाई आ‍ृनो जीवन निर्माण गर्न सक्षम बनाउनु र जिम्मेवार निर्णय लिन सहयोग गर्नु अभिभावकत्वको सार हो । त्यसैले अभिभावकले सन्तानलाई समय दिनुपर्छ, उसको कुरा सुन्नुपर्छ, रुचि बुझ्नुपर्छ । सम्पत्ति कमाउन जीवनभर मिहिनेत गर्न सकिन्छ, तर बाल्यकालको समय फर्काउन सकिँदैन । असल सन्तान निर्माणको आधार सम्पत्ति मात्र होइन, समय, विश्वास, संस्कार र आत्मीय सम्बन्ध हुन् । आज आ‍ृना सन्तानलाई केही समय दिनुहोस् । उनीहरूलाई तपाईंको उपस्थिति, कुरा सुन्ने धैर्य र आवश्यक पर्दा साथ दिने विश्वास चाहिएको हुनसक्छ । ***-इहिमालय डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सहकार्य महत्वपूर्ण रहनेछ। सामाजिक सम्बन्ध राख्दा फाइदा मिल्नेछ। | **तुला** : सोचेको कार्य समयमा सम्पादन हुनेछ। श्रमको उचित मूल्यांकन हुनेछ। |
| **वृष** : कार्यक्षेत्रमा प्रगति र सफलता मिल्ने योग छ। मानसिक ऊर्जा उच्च रहनेछ। | **वृश्चिक** : नोकरीमा सफलता मिल्नेछ। आम्दानी बढाउन कार्यतर्फ अग्रसर भइनेछ। |
| **मिथुन** : योजनाहरू फाईदाजनक रहनेछ। घरपरिवारमा हर्ष र उल्लास ल्याउनेछ। | **धनु** : वैदेशिक रोजगारको अवसर मिल्नेछ। स्वास्थ्यप्रति सचेत रहनुहोला। |
| **कर्कट** : परिवारसँग समय बिताउने योग छ। आराम र विलासितामा मन गईरहनेछ। | **मकर** : व्यवसायमा मनग्य लाभ हुनेछ। गृहणीहरूको गृहकार्यमा समय बित्नेछ। |
| **सिंह** : सामाजिक सहयोग फाइदाजनक रहनेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **कुम्भ** : कार्य समयमा सम्पादन हुनेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। |
| **कन्या** : लाभ कमाउने अवसर प्राप्त हुन सक्छ। सन्तुलित व्यवहारले लाभ पुर्याउनेछ। | **मीन** : अप्ठ्यारा चुनौतीहरू पन्छाउने समय रहेको छ। कार्य सम्पादन हुनेछ। |

# साहित्य दर्पण

हास्यव्यङ्ग्य — कृष्ण उफान

## मोवाइलमा अल्झिएको प्रेम

> *लाख कोसिस गर्दा पनि माखो नमरेको काम पनि एक कलबाट पूरा हुन सक्ने भएको छ । यस्ता प्रविधिको आविष्कार गर्ने आविष्कारकलाई हृदयदेखि नै धन्यवाद टर्क्याउन मन लाग्छ । अझ नयाँ नयाँ आविष्कारको खोजी गरेर विश्वलाई उथलपुथल पारिदिए पनि हुन्छ जस्तो लाग्छ । म पनि त नयाँ नयाँ प्रविधिबाट अलग्गिन सकिन । एउटा थोत्रो खालको मोबाइल बोकेर हिड्न थाले । कही कतैबाट फोनको घन्टी बज्नासाथ हतार हतार फोन उठाउछु । एक पटक नयाँ नम्बरबाट फोन आएकोले मैले फोन गर्ने पात्र पहिल्याउन सकिन । हेलो को बोल्नु भएको र कसलाई खोज्नु भएको भनेर मैले सामान्य औपचारिकता दर्शाए । "के चिनेर पनि नचिनेको जस्तो स्वाँगे अभिनय गर्नुहुन्छ" भनेर उल्टै प्रतिप्रश्न तेर्स्याइन् । म अवाक भए । तैपनि पहिचान गर्ने चेष्टा गरे । सकेसम्म सम्झने र चिन्ने प्रयास गरे,न्वारानदेखिको बल बुद्धि लगाए तर मेरो कुनै बुता चलेन । पुन: नम्र स्वरमा भने "मैले हजुरलाई चिन्न मुस्किल पर्‍यो कृपया परिचय पाउन पाँए गफको शिलसिला अगाडि बढाउन सजिलो हुने थियो कि ?" अव त मानिस चिन्न पनि छोड्नु भएछ त । यसो के स्थानीय साप्ताहिक पत्रिकामा स्तम्भ चलाउन थाल्नु भएको छ अब त मान्छे चिन्न पनि छोड्नु भयो ? मलाई पनि ज्यादै जङ चल्यो ।*

नयाँ नयाँ प्रविधिले मानिसलाई कति सजिलो बनाएको छ भनि साध्य छैन । कयौं महिनासम्म नहुने काम एकै मिनेटमा सम्पन्न हुने भएको छ । लाख कोसिस गर्दा पनि माखो नमरेको काम पनि एक कलबाट पूरा हुन सक्ने भएको छ । यस्ता प्रविधिको आविष्कार गर्ने आविष्कारकलाई फदयदेखि नै धन्यवाद टर्क्याउन मन लाग्छ । अझ नयाँ नयाँ आविष्कारको खोजी गरेर विश्वलाई उथलपुथल पारिदिए पनि हुन्छ जस्तो लाग्छ । म पनि त नयाँ नयाँ प्रविधिबाट अलग्गिन सकिन । एउटा थोत्रो खालको मोबाइल बोकेर हिड्न थाले । कही कतैबाट फोनको घन्टी बज्नासाथ हतार हतार फोन उठाउछु । एक पटक नयाँ नम्बरबाट फोन आएकोले मैले फोन गर्ने पात्र पहिल्याउन सकिन । हेलो को बोल्नु भएको र कसलाई खोज्नु भएको भनेर मैले सामान्य औपचारिकता दर्शाए । "के चिनेर पनि नचिनेको जस्तो स्वाँगे अभिनय गर्नुहुन्छ" भनेर उल्टै प्रतिप्रश्न तेर्स्याइन् । म अवाक भए । तैपनि पहिचान गर्ने चेष्टा गरे । सकेसम्म सम्झने र चिन्ने प्रयास गरे,न्वारानदेखिको बल बुद्धि लगाए तर मेरो कुनै बुता चलेन । पुन: नम्र स्वरमा भने "मैले हजुरलाई चिन्न मुस्किल पर्‍यो कृपया परिचय पाउन पाँए गफको शिलसिला अगाडि बढाउन सजिलो हुने थियो कि ?" अव त मानिस चिन्न पनि छोड्नु भएछ त । यसो के स्थानीय साप्ताहिक पत्रिकामा स्तम्भ चलाउन थाल्नु भएको छ अब त मान्छे चिन्न पनि छोड्नु भयो ? मलाई पनि ज्यादै जङ चल्यो । हजुरले गलत नम्बरमा फोन गर्नु भएको जस्तो छ । एक पटक राम्रोसँग नम्बर हेरेर फोन गर्नुहोला भनेर फोन राखिदिए । एक छिन पछि पुन: त्यहि नम्बरबाट फोन आयो । फोन उठाए हेलो तपाईले कसलाई खोज्नु भएको हो ? मैले हजुरलाई नै खोजेको हो । कृष्ण उफान भनेको तपाई होइन ? म तपाईको लेखको फ्यान हूँ । मलाई तपाईको लेखहरू असाध्यै मन पर्छन् । म दोहोर्‍याई दोहोर्‍याई पढ्छु । त्यतिले पनि चित्त नबुझेर पुन: पढ्न विवश हुन्छु । असाध्यै चोटिला लेखहरू लेख्नुहुन्छ तपाईलाई धेरै धन्यवाद मात्र के भनेकी थिइन् । हजुर मेरो लेखको ृयान बन्नु भएकोका धेरै धेरै धन्यवाद भन्दै फोन राखिदिए । मलाई यस्तरी फुर्क्याएको सायद जीवनमा नै पहिलो पटक हो । त्यसैले गर्वले आृनो नाक त घिरौला भन्दा पनि ठूलो भएछ कि क्या हो भनेर हतार हतार नाक छामेको त के को घिरौला जत्रो हुनु नि । बदलिदो मौषमको कारण रूखाखोकी र मर्कीले गर्दा नाक भरी लत्पतिएको नाके सुली पो हात भरी लागेर बेहालत बनायो । पुन: मोबाइलमा घन्टी बज्न थाल्यो । मलाई हैरान नै बनाउने भइन् । करले फोन उठाए हेलो फेरि किन फोन गर्नु भएको भनेर प्रश्न तेर्स्याए । अरे किन रिसाउनु हुन्छ । मरी जाने चोलामा मरेर के लानु छ र ? किन मदेखि उतर्सिएर भाग्न लाग्नु भएको ? के फोनबाट गफ गर्न पनि लाज लाग्छ कि क्या हो ? भनेर प्रश्नहरू पो बर्षाउन थालिन् । अव चाहि साँच्चै नै मज्जाले गफ गर्ने विचारले उनको परिचय सोध्न थाले । तर उनले मलाई आफ्नो वास्तविक परिचय दिन हिचकिचाइन् । ठिकै छ, मेरो लेखलाई ध्यान दिएर पढ्नु भएकोमा हार्दिक धन्यवाद । अव आइन्दा घरी घरी फोन गरेर मलाई हैरान नपार्नु भएमा धेरै भन्दा धेरै राम्रो हुने थियो कि ? भन्दै फोन राखिदिए । म आफैले फोन नगर्नुहोला भनेर सरकारले राष्ट्रपतिलाई आृनो मान मर्यादामा रहनुहोला भनेर दिएको झै उनलाई चेतावनी दिए । पछि मन भरी उकुसमुकुस भएर खुल्दुलीले काइदाले डेरा जमायो । मलाई घरी घरी फोन गरेर मिठा मिठा गफ गर्ने, कोइलीको झै सुरिलो आवाज भएकी ती नारी आवाज कसको होला भन्ने कुराले मेरो मथिङ्गलमा घुमिरह्यो । जति सम्झाउन खोजे पनि मनले अटेर गरेर तिनकै फोनको प्रतिक्षामा बसिरहे । भोलिपल्ट पनि उही समयमा त्यही नम्बरबाट फोन आयो । मेरो प्रतिक्षाको घडी समाप्त भयो । अघिल्लो दिनको भन्दा नम्र भएर मैले फोन उठाए हेलो आज फेरि किन फोन गर्नु भएको त ?मैले केही सेवा गर्र्नु पर्छ कि ? "लामो सुस्केरा हाल्दै हरे ! किन त्यस्तरी आत्तिनु भएको ? एक जना केटीले फोन गर्दैमा के के न भएको जस्तो गरी आत्तिनु हुन्छ भने तपाईले जीवनमा के गर्न सक्नु होला र ? परेवाको भन्दा पनि सानो मुटु छ कि क्याहो ? नआत्तिनुहोस् न तपाईलाई म मेरो मनका कुराहरू मन खोलेर भन्न चाहान्छु । यदि मलाई अनुमति दिनुहुन्छ भने म मेरा मनमा गुम्सिएर बसेका, उकुसमुकुस भएर मडारिएका सबै कुराहरू ओकल्ने विचारमा छु । चाहना, आकांक्षा र रहरहरू तपाई समक्ष पेश गर्ने इच्छा छ ।" म ज्यादै दोधारमा परे । बाबुराम नेतृत्वको सरकार जस्तो । सरकारमा टासिएर बसिरहू भने संविधान बनाउनको लागि दम छैन । निर्वाचनमा जाउँ भने प्रतिपक्ष सधै विरोधमा उत्रिरहन्छ । सरकारबाट बाहिरिन खोज्यो भने दल भन्दा बाहिरको बहादुरलाई सरकार छोडेर जानुपर्ने स्थिति आउँला जस्तो छ । अनुमति नदिउ भने घरी घरी फोन गरेर हैरान पार्छिन् । अनुमति दिउ भने कुन भड्खालोमा जाक्ने हो ? मानिसमा कुनै न कुनै स्वार्थ नभइकन यसरी कुनै अपरिचित व्यक्तिसँग नजिकिन खोज्दै खोज्दैन । स्वार्थी दुनियामा कुन माइकेलाल होला र अरूको हितको लागि मात्र काम गर्ने ? न प्रेम प्रस्ताव राखेर मेरो जिन्दगीको सुन्दर बगैंचामा भाइरस बनेर छिर्ने प्रयास गर्ने हुन् ? मेरो एउटा छुट्टै सानो घर संसार छ । मसँग जे छन् त्यहिमा सन्तुष्टिका साथ रमाइरहेको छु । आँट नभएको छोरो र रूप नभएको छोरीको काम छैन भन्ने हुन् कि ? कतै यस्तो अल्झोमा पारेर "तीन वटा गोरु हल पक्का दुई वटी स्वास्नी घर पक्का" भनेर मलाई अर्थ्याउने पो हुन् कि ? यस्तै यस्तै कुराहरू मेरा मनभरि जेलिएका छन् । नेपाली राजनीतिमा जस्तो सहमतिको डोरी तन्काएर राख्न पनि मन छैन । अर्को कुरा उनलाई आश्वासनमा अल्झाएर नेताहरूको जस्तो झुटो बोल्न पनि आउदैन । दुविधामा अल्झिएको मनले कहिले शान्ति पाउने हो ? नेपालीले आशा गरेको नयाँ नेपालको संविधान नपाए झै आशातीत आशामा अल्झेर बसिरहनु पर्ने त होइन ? विज्ञ पाठक वृन्द ! प्रेममा भुक्तभोगी भएर प्रेम विश्वविद्यालयबाट पिएचडीको उपाधी पाइसक्नु भएको छ कि ? यदि प्रेममा विज्ञ हुनुहुन्छ भने मोबाइलमा अल्झिएको प्रेमबाट कसरी छुटकारा पाउने हो ? कुनै तौरतरिका भए मलाई सुटुक्क बताइदिनु हुन्छ कि ?

*-समकालिन साहित्य डटकम*

कथा — विष्णु एस राई

## खाजा कसले बनाउने !

"तिमीसँग बिहे गर्नु मेरो जीवनको सबैभन्दा ठुलो गल्ती रहेछ", उनले गुनासो पोखिन् । "अच्छा ! आज १५ वर्षपछि यो कुरो थाहा भयो तिमीलाई, हैन ? बिचरी !" उसले तुरुन्त जवाफ दियो । "कस्ता कस्ता धनी र राम्रा केटाहरू मेरो हात माग्न आएका थिए । कुन्नि के देखेकी होला मैले तिमीमा ?" उनले आफैँलाई भनेजस्तो गरी भनिन् । "भाग्यमानी थिए ती मोराहरू ! उम्किगए । म मूर्ख चाहिँ जालमा परेँ ।" उसले आफ्नो दोष देखाएजस्तो गरी व्यङ्ग्य हाने । "मैले तिमीलाई जालमा पारेँ रे ? फूल कसले पठाउँथे ? मैले ? लामा लामा मेसेजहरू कसले गर्थे ? मैले ? बिहेका लागि प्रस्ताव कसले गरेको थियो, मैले ?" उनले च्यालेन्ज गरिन् । "होइन । मै मूर्खले गरेको थिएँ ।" उसले हार स्वीकार गर्‍यो । "कम से कम तिमी के हौ भन्ने त थाहा भयो तिमीलाई ।" उनले मौका पाएर हिर्काइहालिन् । "के रे ? के हुँ म ?" हिर्काइले रनफनिन्दै भन्यो उसले । "तिमीले आृनै मुखले भनेको हैन अहिले ?" उनले फेरि त्यही ठाउँमा प्रहार गरिन् । "के भनेँ र मैले ?" उसले प्रहार छल्ने प्रयास गर्‍यो । "तिमीलाई थाहा छ त्यो !", उनले फेरि त्यही ठाउँमा नमिठो गरी हिर्काइन् । "भए पनि म तिम्रै सुन्दर मुखबाट सुन्न चाहन्छु । भन । भनिदेऊ न कि म, तिम्रो श्रीमान्, मूर्ख छु ।" श्रीमतीको प्रहार फर्काउन नसकेकाले असहाय हुँदै उसले भन्यो । "मैले कहाँ भने र ?" उनले निर्दोषता देखाइन् । "तर तिमी भन्न चाहन्थ्यौ, होइन ?" ऊ रिसमा डढ्न थालेको थियो । "मलाई केही चाहिएको छैन । मेरो कुन चाहिँ चाहना यस घरमा पूरा भएको छ र ? म त १५ वर्षदेखि यस घरकी नोकर्नी भएर बसेकी छु ।" उनले भनिन् । "तिमी ? नोकर्नी ? १५ वर्षदेखि म यस घरकी मल्किनीको दास भएको हो । मैले तिमी र यस घरका लागि १५ वर्षदेखि आफ्नो रगत-पसिना बगाउँदै आएको छु । कुरा गर्छे !" उसले जस्तालाई त्यस्तै जवाफ फर्कायो । "हो, तिमी नोकर भएर बस्यौ र मैले सधैँ तिम्रो भात पकाउने, तिम्रो लुगा धुने, तिम्रा दुईवटा छोराछोरीको स्याहार सुसार गर्ने आनन्द लिएँ, होइन ? एक पलको विश्राम मैले यो घरमा कहिल्यै पाइनँ । कुरा गर्छ !" "मैले यो आइमाइका लागि आफ्नो घर परिवार छोडेँ जसको पुरस्कार यस रूपमा आज पाउँदै छु । आमाले ठीक भन्नुभएको थियो । उहाँको कुरामा मैले ध्यान दिनुपर्थ्यो ।" उसले आफैँसँग कुरा गरेजस्तो गरी भन्यो । "किन सुनेन त आमाको कुरा, बुढी आमैको बाछोले ?" उनले उसको खोप्टो परेको घाउलाई खोस्रिदिइन् । "आृनो त्यो चोथाले मुख बन्द गर । मेरी आमा तिम्री आमा जस्ती हैन – सबैमाथि हैकम चलाउने ।" उसले पनि प्रहार गर्‍यो । "के भन्यौ तिमीले मेरी आमालाई ?" उनले च्यालेन्ज गरिन् । "मैले जे भनेँ तिमीले सुनिसक्यौ ।" उसले केहीछिन अगाडि प्रयोग गरेको उनैको प्रविधि प्रयोग गर्‍यो । "मैले के सुनेँ रे ?" "त्यो तिमीलाई थाहा छ ।" "भएपनि म तिम्रो ठुलो मुखबाट सुन्न चाहन्छु । भन, भनिदेऊ न कि मेरी आमा छुच्ची हो ।" "मैले भनिनँ त्यो ।" "तर भन्न त चाहन्थ्यौ, होइन र ?" "हे भगवान ! म तिमीसँग कुरै गर्न चाहँदिनँ । एकछिनको लागि त शान्ति देऊ मलाई । चुप लाग !" दुवै खेलाडी थाकिसकेका थिए । सधैँझैँ आज पनि विवाद बिहान शुरु भएको थियो । प्रश्न थियो कसले पहिले ओछ्यान छाड्ने र खाजा तयार पार्ने । काम गर्ने धाइ बेलुकी मात्र आउँथिन्, त्यसैले दुईजनामा एकले त खाजा पकाउनैपर्ने थियो । श्रीमान् अर्थात विपिनको अफिस बस नौबजे उसलाई पिकअप गर्न आउँथ्यो र श्रीमती अर्थात् कमलाको स्कुल बस उनलाई लिन सवा नौमा आउँथ्यो । र अहिले साढे आठ बजिसकेको थियो । अन्तत: जस्तो एउटा नेपाली परिवारमा हुन्छ त्यस्तै श्रीमती उठेर किचेनतर्फ लागिन् । तर पतिलाई कस्तो लाग्यो भने उसकै घरमा उसको कुनै इज्जत छैन । विवादले रिसलाई निम्ताउँछ र रिसले विवेकलाई खाइदिन्छ । रिसले मुर्मिरिँदै श्रीमान् उठेर अफिस जाने तरखर गर्न थाले । श्रीमतीजी श्रीमानको मुड साह्रै बिग्रेको देखेर चुप लागिन् । हुन त दुवैजनामा यस्ता ठाकठुक परिरहन्थ्यो तर आज अलिकति बढी भयो क्यारे । बाथरुमबाट निस्केर लुगा लाएर, ब्याग हातमा लिएर ऊ बाहिर निस्किन तयार भयो । "कफी तयार छ", कमलाले किचेनबाट सुन्नेगरी अलिक ठुलो स्वरमा भनिन्, "सेन्डविच पनि पाँच मिनेटमा तयार भइहाल्छ ।" "तिम्रो सेन्डविच तिमी आफैँ खाऊ", उसले पनि किचेनमा सुन्नेगरी ठुलो स्वरमा भन्यो, "एक दिन खाजा नखाएर कोही मर्दैन ।" "हुन्छ आफैँ खाउँला । कसैले नखाए के हुन्छ ?", उनले पनि रिसको झोँकमा भनिन् । जवाफमा विपिन कोठाबाट हुरिँन्दै बाहिर निस्क्यो र कमलाले पनि ढोकालाई भएभरको बलले घड्याक्क बन्द गरिन् । विपिनलाई अफिसमा मन लागेन । सम्झिरहे कसरी कमला उसका लागि हातमा कफीको कप लिएर उभिराखेकी थिइन् र कसरी ऊ नदेखेझैँ गरी हिँडिदिएको थियो । उसले नै खाजा बनाए पनि त हुन्थ्यो नि ! उसले अफिसमा काम गर्छ भने उनी पनि त दिनभरि स्कुलमा पढाउँछिन् । उनी पनि त थाकेकी हुन्छिन् । दुवैजनाले मिलेर पकाउँदा पनि त हुन्थ्यो होला नि ! कमला पनि खुसी हुन्थिन् । उसले खाना पकाउन र गल्ती गर्दा, कमला कसरी हाँसेर उसको गल्ती सच्चाउँथिन् – रिसाएझैँ गरेर भन्थिन्, "हट उता ! तिमीले सघाउनुभन्दा त नसघाउनु नै बेस । सारा काम मैले फेरि गर्नुपर्छ ।" भन्न त भन्थिन् तर पति किचेनमा सँगै उभिएको हुँदा उनका आँखा हाँसिरहेका हुन्थे । विपिनलाई पछुतो भयो । उसमा र एउटा अशिक्षित पतिमा के फरक छ त ! उसले यसो गर्नु हुँदैनथ्यो । बेलुकी घर फर्केपछि ऊ कमलालाई सरी भन्ने छ । उसलाई लिएर खाना खान बाहिर गुड लक रेस्टोरेन्ट जानेछ । सँगै बाहिर नगएको पनि कत्ति भइसक्यो । कमलालाई गुड लकको रोस्टेड पेकिङ्ग डक खुब मनपर्छ । सुनेर कति खुसी होलिन् – उनको हँसिलो मुहारको कल्पना गर्दा विपिन आफैँ पनि मुस्काए र उसको मन हल्लुङ्गो भयो । यता विपिन गएपछि कमला एकछिन कफीको कप हातमा लिएर त्यसै उभिरहिन् । पति भोकै अफिस गएकाले कताकता उसको मुटु दुख्यो । उसले त्यति सारो नभन्नुपर्ने थियो । विपिनले पनि बेला बेला खाजा बनाएकै छ दुवैजनाका लागि । हुनसक्छ आज उसको मन ठीक थिएन होला, त्यसैले उसलाई नै पटक पटक खाजा बनाउन भनेको हो कि ! गल्ती भइगयो । भरे बेलुकी विपिनको मनपर्ने खाना पकाउँछु भनेर उनले अठोट गरिन् । उनले आज स्कुल नजाने निर्णय गरिन् र फोन गरेर नआउने प्रबन्ध मिलाइन् । विपिनलाई मटर पनीर असाध्यै मनपर्छ । फ्रिज खोलेर चेक गरिन् । रहेनछ । बजार गएर किनेर ल्याइन् । एकछिन ठुलो सिसामा आफ्नो अनुहार हेरिन् र घरको सरसफाइमा लागिन् । एक बज्यो । एक कप कफी खाने विचार गरिन् । उता अफिसमा लञ्च आवर भयो । विपिन पनि क्यान्टिन जानलाई कुर्सीबाट उठ्यो तर उठ्न नसकेर भुइँमा लड्यो । सारा अफिस हल्लिन थाले । चारैतिर अफरातफरी । कुनाको ठुलो दराज गड्याङ्ग गर्दै ढल्यो र त्यसभित्रका फाइलहरू छताछुल्ल भए । झ्यालहरू भर्याक भुरुक गर्दै खुल्न र बन्द हुन थाले । महिला कर्मचारीहरू आत्तिएर चिच्याएको सुनियो । जमिन यसरी हल्लिराखेको थियो कि विपिन रक्सीले मातेको मान्छेझैँ गर्दै उठ्यो र गएर अफिसको ढोकामुनि उभियो । कोही कराउँदै भागेर कोठा बाहिर निस्के, कोही त्यहीँ भुइँमा लडे । अफिसका सबैभन्दा सिनिएर हाकिम पोखेल म्याडम आृनो ठुलो टेबलको मुनि छिर्नुभयो तर शरीर पूरै छिर्न नसक्दा उहाँको विशाल नितम्ब बाहिरै देखियो । विपिनले हतार हतार त्यताबाट आफ्नो नजर अर्कैतर्फ सार्‍यो । एकतले अफिसलाई त केही भएन तर सामुन्ने रोडपारिको आठतले भवन उसको आँखै अगाडि तासको घर जस्तो गर्ल्याम गुर्लुम गर्दै लड्यो जसको धुलो उसको नजिकसम्म आइपुग्यो । दिमागले काम गर्न थालेपछि भुइँचालो आएको भन्ने बुझ्यो उसले । पहिलो विचार उसको दिमागमा कमलाको आयो । उसले फोन गर्‍यो तर लागेन । अफिसमा सबै फोन गरिराखेका थिए तर कसैको पनि लागिरहेको थिएन । बिस्तारै जमिन हल्लिन बन्द भयो । विपिनले आफ्नो ब्याग उठायो र अफिसबाट बाहिर निस्क्यो । बसबाट निस्केर ऊ आफू बसेको घरको अगाडि पुग्दा त्यहाँ केही थिएन । त्यो चारतले घरको ठाउँमा सिमेन्ट, इँट, छड, काठको थुप्रो थियो । ऊ विक्षिप्त भइ दगुर्दै त्यहाँ पुग्दा प्रहरी र रेसक्यु पार्टीका युवाहरूले उसलाई रोकिदिए । "प्लीज मलाई जान देऊ । मेरी श्रीमती भित्र छिन्", उसले रुँदै भने तर स्वयंसेवकहरूले जान दिएनन् । "त्यहाँ जान खतरा छ । बिल्डिङको बचेको भाग ढल्न सक्छ । हामी जे गर्नुपर्ने हो गर्दैछौँ । केही भेटियो भने हामी तपाईलाई बोलाउँछौँ ।" ज्ञान हराएको मान्छेझैँ विपिन त्यहीँ बसिरह्यो इँटको थुप्रोमाथि । झण्डै एक घण्टापछि एक जनाले आएर भन्यो, "विपिनजी, आउनुस् ।" स्वयंसेवकहरूले खन्दा पाएका थिए एउटा हात जो शरीरबाट काटिएर उच्छिटिएको थियो । एउटा नारीको हात जसले कफी कप समातिराखेको थियो, र हातको औँलामा सुनको औँठी सूर्यको प्रकाशमा टल्किरहेको थियो । विपिनले चिन्यो यो त्यही औँठी थियो जो उसले कमलालाई अस्ति मात्रै उनको बिहेको पन्ध्रौँ वर्षगाँठमा दिएको थियो ।

*-सात्यिपोष्ट डटकम*

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दीपावली, छठ पर्व २०८३ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना।

गंगा खत्री
प्रिन्सिपल

एवं

जगदीश भट्टराई
अध्यक्ष

**पाल्पा प्यारागन ईङ्गलिस सेकेण्डरी स्कुल परिवार**

तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी शुभ दिपावली, छठ पर्व २०८३ को शुभ अवसरमा नेपाली दाजुभाई दिदीबहिनी, इष्टमित्र तथा शुभचिन्तकहरुमा दीर्घायू एवं सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हेम बहादुर सारु
कोषाध्यक्ष

हिरा सि राना
सचिव

कमल विक्रम खाँण
अध्यक्ष

**नेपाल भू.पू. सैनिक संघ**
**जिल्ला कार्यसमिति, पाल्पा परिवार**

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दिपावली २०८३ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

डाँसुराम पन्थ
प्राचार्य

निर्मल प्रसाद लाकौल
अध्यक्ष

**न्यू होराइजन माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत, छठ पर्व २०८३ को अवसरमा राजनीतिक दल, देश तथा विदेशमा रहनुभएका नेपाली आमाबुवा, दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तकहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सभापति:
मेजरसिंह के.सी.

**नेपाल तरुण दल जिल्ला कार्यसमिति**
**पाल्पा, परिवार**

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान चाडँ विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको शुभ अवसरमा शिक्षक, कर्मचारी, विद्यार्थी,अभिभावक, शेयर सदस्य तथा सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य तथा दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गंगाबहादुर खत्री
सचिव

डाँसुराम पन्त
अध्यक्ष

**निजी तथा आवसीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), तानसेन, पाल्पा परिवार**

## विजया दशमी
### को शुभकामना

विजया दशमी २०८३ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरू, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनयराज बज्राचार्य
सचिव

रत्नमान बज्राचार्य
उपाध्यक्ष

सरोजलाल शाक्य
अध्यक्ष

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-६, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दिपावली २०८३ को शुभ अवसरमा शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षासेवी तथा सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोपाल पि.सी.
प्रिन्सिपल

केदारलाल श्रेष्ठ
अध्यक्ष

**पाल्पा आवासिय माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमी, शुभ दिपावली, छठ पर्व २०८३ को अवसरमा सम्पूर्ण कार्यकारी समिति, उपसमिति, पदाधिकारी, शेयर सदस्यहरु, शुभेच्छुकहरु तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाई, दिदीबहिनीमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उत्तम कुमार बज्राचार्य
सचिव

हरि रायमाझी
अध्यक्ष

**श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा

बडादसै २०८३ को पावन अवसरमा

## हार्दिक मंगलमय शुभकामना

विजया दशमीको अवसरमा आमाबुबा, दाजुभाई, दिदीबहिनी, इष्टमित्र, शुभचिन्तक, तथा सम्पूर्ण ग्राहक महानुभावहरुमा दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सञ्चालक राजन रायमाझी

**होटल तानसेन भ्यू परिवार**
तानसेन, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
**शितलपाटी.कम**
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई